कोशी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
विराटनगर, नेपाल

प.सं. :- ०८२/८३
च.नं. :- १७५९

मिति :- वि.सं. २०८२/१०/२१

ने.स. :- ११४६ सिल्लागा, ३ बुधवार

विषयः मन्त्रिपरिषद् बैठकको निर्णय।

श्रीमान् प्रदेश सचिवज्यू
भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपाल।

तहाँ मन्त्रालयको देहायका विषयको प्रस्तावमा कोशी प्रदेश, प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।१०।१५ गतेको बैठकको निर्णय यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

१. कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।
२. RCIP-AF, PIU को लागि आवश्यक बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।

(अनमोल मणि भट्टराई)
वरिष्ठ शाखा अधिकृत

फोन नं. ०२१-४७५१६६, ४७५१८९, ईमेल : info.ocmcm@p1.gov.np
वेबसाइटः https://ocmcm.koshi.gov.np
"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

about:blank

कोशी प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

विराटनगर, नेपाल

कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय विराटनगर, नेपाल

विषयः **"कोशी जनता आवास सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०८२" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा।**

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति मितिः २०८२/१०/१४

१. विषयको संक्षिप्त व्यहोरा :

प्रस्तुत विषयमा कोशी प्रदेश सभाबाट पारित कोशी प्रदेश सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको बुदाँ नं ६९ मा "जनता आवास कार्यक्रमलाई निरन्तरता दिँदै प्रदेशभित्र बसोबास गर्ने सबै समुदायका विपन्न आवासविहीन परिवारलाई क्रमशः आवासको व्यवस्था मिलाउँदै लगिनेछ" भनी उल्लेख गरिएको। कोशी प्रदेशको आ.व. २०८२/८३ को बजेट बक्तव्यको बुदाँ नं १५३ मा "आवास बिहीन परिवारलाई आवासको व्यवस्था मिलाउन जनता आवास कार्यक्रमलाई "कोशी जनता आवास" कार्यक्रममा रुपान्तरण गरी निरन्तरता दिएको छु" भनी उल्लेख भएको। कोशी प्रदेशको आ.व. २०८२/८३ को कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन (कार्यक्रम पुस्तिका) मा यस मन्त्रालय अन्तर्गतका सबै पूर्वाधार विकास कार्यालयहरुमा बजेट विनियोजन भई कार्यान्वयनको चरणमा रहेको।

जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मिति २०७५/१०/२९ गते स्वीकृत भई हाल कार्यान्वयनमा रहेतापनि माथि उल्लेखित विषयहरु उक्त कार्यविधिमा नसमेटिएको हुँदा कोशी प्रदेशको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न बाधा परेकोले तथा मौजुदा कार्यविधिको उद्देश्यमै परिवर्तन हुने देखिएकाले उक्त कार्यविधिलाई खारेज गरी समय सापेक्ष रुपमा मस्यौदा गर्न आवश्यक रहेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/०८/२२ को च.नं. ४४८ को सुझावहरु सहित सहमति प्रदान गरिएको पत्र र आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०८२/०८/१७ को च.नं. ५४४ को राय सहित सहमति प्रदान गरिएको पत्र प्राप्त भएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. ०८२/८३ च.नं. १६४३ मिति २०८२/१०/०६ गतेको पत्रबमोजिम प्रदेश मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको निर्णयानुसार कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२ पुस २२ गते पुनर्गठन भएको सन्दर्भमा र प्रस्तावित कार्यविधिलाई पारदर्शी, व्यवहारिक र वस्तुनिष्ठ बनाउने विषय समेतलाई विचारमा राखी परिमार्जित रुपमा स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न यस मन्त्रालयमा फिर्ता भएको।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :

कोशी प्रदेश सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य, बजेट विनियोजन अनुसार कोशी प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने वास्तविक आवासविहिन विपन्न परिवारलाई पारदर्शी एवं व्यवहारिक रुपमा छनौट गरी व्यवस्थित आवासको व्यवस्था मिलाउनका लागि जनता आवास कार्यक्रम कार्यान्वयन तथा रुपान्तरण गर्न तयार भएको यसैसाथ संलग्न प्रस्तावित मापदण्डसहितको कार्यविधिको मस्यौदालाई अन्तिम रुप दिन र कोशी प्रदेश सरकारबाट स्वीकृत हुन आवश्यक रहेकोले प्रस्ताव पेश गरिएको।

"कोशी जनता आवास सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०८२" स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने सम्बन्धी प्रस्ताव कोशी प्रदेश सरकार मन्त्रिपरिषद्मा पेश गर्न माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूबाट मिति २०८२/१०/१४ मा स्वीकृति प्राप्त भएको हुँदा प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७९ को अनुसूची-१ को विषय संख्या १ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनु पर्ने व्यहोरा :

क. यसै साथ संलग्न "कोशी जनता आवास सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०८२" स्वीकृत गर्ने ।

ख. स्वीकृत मापदण्डसहितको कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

मितिः२०८२/१०/१४

...............

मिलन आचार्य

प्रदेश सचिव

कोशी प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

विराटनगर, नेपाल

कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय विराटनगर नेपाल

**विषयः RCIP-AF, PIU को लागि आवश्यक बजेट व्यवस्था गर्ने सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति मितिः २०८२/१०/११**

१. **विषयको संक्षिप्त व्यहोरा :**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत संचालित ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानी (RCIP-AF), आयोजना कार्यान्वयन इकाई (PIU), कोशी प्रदेश, विराटनगर अन्तर्गत सुनसरी, भोजपुर, पाँचथर, ओखलढुंगा र सोलुखुम्बु जिल्लाहरुमा एक/एक वटा सडक आयोजना गरी जम्मा ५ वटा सडकहरु स्वीकृत भई कार्यान्वयनमा गई हाल निर्माणाधिन अवस्थामा रहेको। कोशी प्रदेश सरकारलाई प्राप्त रकम ठेक्का सम्झौता पश्चात् बाँकी रहेको रकमबाट आ.व. २०८२/०८३ को लागि मिति २०८१/०९/१२ मा दुईवटा आयोजना प्रस्ताव गरिएकोमा नेपाल सरकारले उक्त दुई वटा आयोजनाको सट्टा नयाँ दुईवटा आयोजनाहरू पठाएको कारण कोशी प्रदेश सरकारबाट आयोजना छनौटको अधिकार खोसिएको भनी आ.व. २०८२/८३ मा RCIP-AF को कार्यान्वयनको लागि चालु र पुर्जीगत खर्च शीर्षकमा कार्यक्रम र बजेट (म्याचिङ् फण्ड) नभएको। उक्त आयोजना कार्यान्वयन इकाई (PIU) लाई आ.व. २०८२/०८३ को लागि चालू तर्फ रु.१,५३,१३,०००/-(अक्षेरूपी एक करोड त्रिपन्न लाख तेह्र हजार मात्र) र पूँजीगततर्फ रु.११,२१,४३,०००/-(एघार करोड एक्काइस लाख त्रिचालिस हजार मात्र) गरी जम्मा रु.१२,७४,५६,०००/ (बाह्र करोड चौरहत्तर लाख छपन्न हजारमात्र)- Matching Fund आवश्यक भएको।

२. **प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :**

दातृ निकायले चालू खर्च शीर्षकमा ५० प्रतिशत र पूँजिगत खर्च तर्फ ८७.५ प्रतिशत खर्च व्यहोर्ने गरी नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय ए.डि.बि. बिच सम्झौता भएको।

आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ७३४ को मिति २०८२/१०/०८ को ग्रामीण सडक सञ्जाल सुधार आयोजनामा वजेट व्यवस्थापनका लागि सहमती प्रदान गरिएको पत्र प्राप्त भएको।

३. **प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :**

आ.व. ०८२/०८३ मा कोशी प्रदेश सरकारको वार्षिक योजना तथा बजेटको निर्माण चरणमा नेपाल सरकारबाट नयाँ आयोजना प्रविष्ट भई बजेट आएको विषयमा प्रदेश सरकारले आफ्नो अधिकार खोसिएको महशुस गरी आ.व. २०८२/०८३ मा PLMBIS, IPFMIS र CGAS मा कार्यालय कोड निर्माण नगरिएको र सो इकाईको नाममा चालू र पूँजीगत खर्च शीर्षकमा समेत वार्षिक कार्यक्रम योजना र बजेट विनियोजन नभएको। नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय ए.डि.बि. बिच पछिल्लो वार्तापछि आगामी आ.व.२०८३/०८४ मा कोशी प्रदेश सरकारबाट प्रस्तावित दुईवटा आयोजनाहरु "बसिलाघाट - चिसापानी-खोटाङ बजार, खोटाङ, कोशी प्रदेश र गौरादह-डिपुचौक-खरेल डाडा -बरगाछी-जामबादी-दुधाली-गौरीजन्ज खानेपानीसम्म, झापा" संघीय सरकार मार्फत ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF) मा समावेश गर्ने र प्रदेश सरकारले उक्त आयोजनामा साझेदारी रकम विनियोजन गरी संचालन गर्ने निर्णय भई कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२/०६/१० गतेको बैठकबाट RCIP-AF को अस्थायी दरबन्दीसमेत स्वीकृत भईसकेकोले सो इकाई सञ्चालनको लागि आ.व. ०८२/०८३ को लागि चालू तथा पूँजीगत खर्चतर्फ बजेट विनियोजन गर्ने प्रयोजनका लागि कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को वैठकमा प्रस्ताव पेश गर्न माननीय विभागीय मन्त्रीज्यूबाट मिति २०८२/१०/११ गते स्वीकृत प्राप्त भएकोले प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७९ को अनुसूची-१ को विषय संख्या १८ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

४. **निर्णय हुनु पर्ने व्यहोरा :**

ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानी (RCIP-AF), आयोजना कार्यान्वयन इकाई (PIU) कार्यान्वयनको लागि आ.ब. २०८२/०८३ मा चालु र पुंजीगत खर्च शीर्षकमा कार्यक्रम र बजेट विनियोजन (म्याचिङ फण्ड) जम्मा रु.१२,७४,५६,०००/ (बाह्र करोड चौरहत्तर लाख छपन्न हजारमात्र)- रकम भौतिक पूर्वाधार विकास मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा आवश्यक व्यवस्था गर्न सहमति प्रदान गर्ने।

मितिः२०८२/१०/११

(मिलन आचार्य)
प्रदेश सचिव

मिलन आचार्य
प्रदेश सचिव

श्री प्रदेश सचिव,
भौतिक पूर्वाधार विकास मन्त्रालय,
विराटनगर, नेपाल।

RCIP-AF, PIU को लागि आवश्यक बजेट व्यवस्थापन गर्ने विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको ७/०५-२०८२।१०।१४ गतेको प्रस्ताव प्र.मं.प.बै.सं. २७/२०८२, मिति २०८२।१०।१५ गतेको कोशी प्रदेश सरकार (मं.प.) को बैठकमा पेस हुँदा त्यसमा कोशी प्रदेश सरकार मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७९ को नियम २४ बमोजिम अनुरोध गरेको छु,-

प्रदेश सरकारको निर्णयः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

(राजेन्द्र कुमार पौडेल)
प्रमुख सचिव
२०८२।१०।१५

श्री प्रदेश सचिव,
भौतिक पूर्वाधार विकास मन्त्रालय,
विराटनगर, नेपाल।

कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने विषयको भौतिक पूर्वाधार विकास मन्त्रालयको ७/०४-२०८२।१०।१४ गतेको प्रस्ताव प्र.मं.प.बै.सं. २७/२०८२, मिति २०८२।१०।१५ गतेको कोशी प्रदेश सरकार (मं.प.) को बैठकमा पेस हुँदा त्यसमा कोशी प्रदेश सरकार मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७९ को नियम २४ बमोजिम अनुरोध गरेको छु,-

<u>प्रदेश सरकारको निर्णयः-</u>

"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

(राजेन्द्र कुमार पौडेल)
प्रमुख सचिव
२०८२।१०।१५

प्रमुख सचिव

# कोशी जनता आवास सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०८२

(प्रदेश सरकार (मन्त्रीपरिषद्) अन्तर्गत रहेको कानून, न्याय तथा प्रदेश मामिला समितिको मिति २०८२/१०/०२ को निर्णयानुसार परिमार्जित मस्यौदा)

माघ, २०८२

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर**

मिलन आचार्य
प्रदेश सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

## कोशी प्रदेशमा जनता आवास कार्यक्रम सम्बन्धमा व्यवस्था गर्न बनेको मापदण्डसहितको कार्यविधि

**प्रस्तावना:** जनता आवास कार्यक्रमलाई निरन्तरता दिँदै प्रदेशभित्र बसोबास गर्ने सबै समुदायका विपन्न आवासविहीन परिवारलाई क्रमशः आवासको व्यवस्था मिलाउने साथै आवासविहिन विपन्न परिवारलाई आवास निर्माणका लागि कोशी प्रदेश सभाबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम एवं बजेट पारित भएकाले प्रदेश सभाबाट निर्देशित विषय कार्यान्वयन गर्न कोशी प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने वास्तविक आवासविहिन विपन्न परिवारलाई पारदर्शी, वस्तुगत एवं व्यवहारिक रुपमा छनौट गरी व्यवस्थित आवासको व्यवस्था मिलाउनका लागि जनता आवास कार्यक्रम कार्यान्वयन तथा रुपान्तरण गर्न वाञ्छनीय भएकाले;

कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको मापदण्डसहितको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कोशी जनता आवास सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कोशी प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवास" भन्नाले लाभग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

(ख) "आवासविहीन" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा एकासगोलमा रहेको परिवारको स्वामित्वमा घर नभएको वा आफ्नो वा एकासगोलमा रहेको परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट घरको प्रबन्ध गर्न असमर्थ रहेको व्यक्ति वा परिवार सम्झनुपर्छ र सो शब्दले बसोबासको लागि बाँस, चिरपट, कप्टेरो, खर, पराल, स्याउलाको टाटी, नमिलेको ढुङ्गाको गाह्रो, फुस, प्लाष्टिक सिट आदिबाट बनेको संरचना वा कुनै अस्थायी संरचनामा बस्ने व्यक्ति वा परिवार समेतलाई जनाउँछ।

(ग) " कार्यक्रम" भन्नाले कोशी जनता आवास कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले सम्बन्धित जिल्लाको पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ।

(ङ) "जनता आवास" भन्नाले स्वीकृत ड्रइङ्ग डिजाईन अनुसार निर्माण हुने आवास सम्झनु पर्छ।

(च) "प्रदेश सभा सदस्य" भन्नाले जिल्ला स्थित सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणाली बमोजिम प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यलाई सम्झनु पर्छ।



मिलन आचार्य
प्रदेश सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

(छ) "विपन्न" भन्नाले कोशी प्रदेशभित्र स्थायी बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएको, नियमित स्थायी आम्दानीको स्रोत नभएको, आफ्नो आम्दानीले प्रयाप्त खान लाउन, शिक्षा स्वास्थ्य उपचार गराउन नपुग्ने, हातमा सिप र क्षमता नभएको नेपाली नागरिक वा परिवार सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशलाई सम्झनु पर्छ।

(झ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम अन्तर्गत छनौट भएको आवासविहिन विपन्न व्यक्ति वा परिवार सम्झनु पर्छ।

(ञ) "छनौट समिति" भन्नाले प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा लाभग्राही छनौट गर्न दफा ६ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले कोशी प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

३. **कार्यक्रम कार्यान्वयनः** (१) कोशी प्रदेशभित्रका आवासविहिन विपन्न परिवारका लागि मन्त्रालय वा अन्तर्गतका निकायबाट कार्यक्रम कार्यान्वयन गरिनेछ।

(२) प्रदेश सरकारको बजेटको सीमाभित्र रही यस कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गरिनेछ।

४. **बजेट व्यवस्थापनः** (१) कोशी प्रदेशभित्रका आवासविहिन विपन्न परिवारका लागि आवास निर्माण गर्न मन्त्रालयले आवश्यक बजेट व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम आवासविहिन विपन्न परिवारका लागि आवास निर्माण गर्न यस कार्यविधिको पालना गरी मन्त्रालय वा अन्तर्गतका निकायबाट खर्च गर्ने गरी बजेट विनियोजन हुनेछ।

(३) आवास निर्माणका लागि लाभग्राही छनौट पछि मन्त्रालयले कार्यालयलाई खर्च अख्तियारी सहित बजेट विनियोजन गर्न सक्नेछ।

५. **आवासविहिन विपन्नको पहिचानः** (१) आवासविहिन विपन्नको पहिचानको लागि कार्यालयले यस कार्यविधि लागू भएको मितिपछि १० दिनको सूचना आफ्नो कार्यालयको सूचना पाटीमा र वेभसाइट वा जिल्लास्तरको पत्रिकामा प्रकाशन गर्नुपर्नेछ। यसरी प्रकाशित सूचनाको जानकारी सम्बन्धित प्रदेश सभा सदस्य र सम्बन्धित स्थानीय तहलाई कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अवधिभित्र अनुसूची-१ बमोजिमको ढाँचामा आफू आवासविहिन विपन्न परिवार भएको व्यहोराको निवेदन, प्रमाण कागजात र स्वघोषणा सहितको



मिलन आचार्य
प्रदेश सचिव

विवरण कार्यालयमा दर्ता गर्नु पर्नेछ। त्यस्तो विवरण सहितको निवेदन सम्बन्धित प्रदेश सभा सदस्यको सचिवालयमा समेत दर्ता गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित प्रदेश सभा सदस्यको सचिवालयमा प्राप्त निवेदन समेत दर्ता आदेश गरी कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम प्राप्त निवेदन कार्यालयले दर्ता अभिलेख गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम प्राप्त निवेदन र संलग्न प्रमाण कागजातको आवश्यक जाँचबुझ गरी कार्यालयले छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

६. <u>छनौट समितिः</u> (१) प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा लाभग्राही छनौट गर्न देहायबमोजिमको एक समिति रहनेछः-

(क) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको प्रतिनिधी -सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधी -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ङ) कार्यालय प्रमुख, सम्बन्धित पूर्वाधार विकास कार्यालय -सदस्य-सचिव

(२) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम भएका समानुपातिक प्रदेश सभा सदस्यहरु उपदफा (१) बमोजिमको छनौट समितिका सदस्य रहनेछन्।

(३) छनौट समितिले लाभग्राही छनौट गर्दा देहायका मापदण्ड पालना गर्नु पर्नेछ;-

(क) आवासविहिन विपन्न भनी पेश गरेको विवरणका आधारमा लाभग्राहीलाई छनौट गर्नुपर्ने,

(ख) एकासगोलमा रहेका परिवारमा बसेकाबाट एक मात्र लाभग्राही छनौट गर्नुपर्ने,

(ग) निवेदनसाथ पेश गरेको प्रमाण र विवरणका आधारमा जसलाई आवासको बढी आवश्यकता रहेको छ सोलाई विचार गरी लाभग्राही छनौट गर्नुपर्ने,

(घ) समितिले निर्धारण गरेका अन्य कुनै आधार भएमा सो समेत पालना गरी छनौट गर्नुपर्ने।

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

(४) कार्यालयले पेश गरेको निवेदन एवं विवरणहरुका सम्बन्धमा समितिले आवश्यक छानबिन, जाँचबुँझ र मुल्यांकन गर्नेछ। मुल्यांकन गर्दा कुनै विषयमा प्राविधिक सहयोग आवश्यक भएमा कार्यालयले उपलब्ध गराउनु पर्नेछ। कुनै विषयमा प्राविधिक मुल्यांकन गर्नु परेमा समितिले कार्यालयलाई निर्देशन दिन सक्नेछ।

(५) लाभग्राही छनौटका लागि कुनै विषय बुझ्नु पर्ने भएमा वा कुनै विवरण माग गर्नु पर्ने भएमा समितिले निर्णय गरी कुनै निकाय वा सम्बन्धित स्थानीय तहमा लेखि पठाउन सक्नेछ।

(६) लाभग्राही छनौट गर्दा यस कार्यविधिका अन्य व्यवस्थाका अतिरिक्त समितिले देहायका आधार समेत ग्रहण गर्नु पर्नेछ;-

(क) एकासगोलमा रहेका परिवारले एक मात्र आवास पाउने,

(ख) प्राकृतिक प्रकोपको जोखिममा परेको; वन सीमाक्षेत्रको; कुनै कारणबाट विवादित भएको जग्गामा आवास निर्माण नगरिने सुनिश्चितता,

(ग) जग्गा विहिन परिवारलाई स्थानीय तह वा अन्य कुनै निकाय वा व्यक्ति वा कसैबाट जग्गा प्राप्त भएका त्यस्ता जग्गा विहिनलाई पहिलो प्राथमिकता दिनु पर्ने,

(घ) संघ, प्रदेश वा स्थानीय तहबाट यस्तै प्रकारको सुविधा प्राप्त गरेकोमा दोहोरो आवास सुविधा नपाउने,

(ङ) अपाङ्गता भएका व्यक्ति, बृद्ध, असक्त, एकल महिला/पुरुष र अनाथ बालबालिकालाई विशेष प्राथमिकता दिनुपर्ने र छनौट भएको हकमा संलग्न तथ्य र प्रमाणका आधारमा यी व्यक्तिलाई दफा १० बमोजिमको लागत सहभागिता वापत व्यहोर्नुपर्ने योगदानमा कम वा छुट गर्न सक्ने।

(७) यस दफा बमोजिम समितिले आवश्यक छानबीन, जाँचबुझ तथा मूल्याङ्कन गरी बजेटको सीमा र प्रति आवासको लागत अनुमान (कस्ट इस्टिमेशन) को अनुपातका आधारमा घर संख्या र लाभग्राहीको संख्या निर्धारण गरी निवेदनमा पेश गरेको विवरणका आधारमा समेत लाभग्राहीको नामावली र प्राथमिकता सूची तयार गरी छनौट गर्नुपर्नेछ। यसरी समितिले छनौट गरेको लाभग्राहीको नामावलीसहितको दाबी बिरोधका लागि तीन (३) दिनको सूचना कार्यालयको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम वेभसाइटमा सूचना प्रकाशन भएको तीन (३) दिन पछि दाबी विरोधका आधारमा छनौट भएका लाभग्राहीको नामावली सम्बन्धित प्रदेश सभा सदस्यले स्वीकृत गरी आवास निर्माणका लागि कार्यालयमा र मन्त्रालयमा पठाउनु पर्नेछ।



मिलन आचार्य
प्रदेश सचिव

(९) छनौट समितिको सचिवालय कार्यालयमा रहनेछ। कार्यालयले छनौट समितिको कामका लागि कर्मचारी खटाउन सक्नेछ।

(१०) छनौट समितिले बैठक बसि सर्वसम्मत निर्णय गर्नेछ।

तर, सर्वसम्मत निर्णय हुन नसकेमा संयोजकको निर्णय अन्तिम हुनेछ।

(११) छनौट समितिको निर्णय सम्बन्धी विवरण कार्यालयमा अभिलेख राखिनेछ।

७. **आवासको डिजाइनः** (१) दफा ६ बमोजिम छनौट भएका लाभग्राहीको आवास निर्माणका लागि कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा आवश्यकता अनुसार सामान्य हेरफेर गरी वा नगरी डिजाइन बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको डिजाइन बनाउँदा अन्य कुराको अतिरिक्त देहायको विषय विचार गर्नुपर्नेछः-

(क) शौचालय सहित आवासको प्लिन्थ एरिया कम्तिमा ४०० वर्ग फिट रहनु पर्ने,

तर, कार्यक्रम कार्यान्वयन स्थलमा मापदण्ड बमोजिम शौचालय रहेको अवस्थामा आवासको डिजाईनमा शौचालय राख्न अनिवार्य नरहने,

(ख) स्थानीय वस्तुकला वा स्थानीय कला झल्किने गरी डिजाइन गर्नु पर्ने,

(ग) स्थानीय उत्पादन प्रयोग हुन सक्ने गरी डिजाइन गर्नु पर्ने,

(घ) छनौट समितिले निर्धारण गरेको कुनै विषय भए सो पालना गरी डिजाइन गर्नुपर्ने,

(ङ) आवासको डिजाइन हेरफेर गर्दा भूकम्प प्रतिरोधि हुनुपर्ने।

(३) यस दफा बमोजिम तयार भएको डिजाइन तयार गर्ने प्राविधिकको सिफारिसमा कार्यालयले स्वीकृत गर्नुपर्नेछ।

८. **आवास निर्माण सम्बन्धमा समझदारी गर्नु पर्नेः** (१) दफा ७ बमोजिम स्वीकृत आवासको डिजाइन संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित लाभग्राही र कार्यालयले तोकेको कर्मचारीले हस्ताक्षर गरी समझदारी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको समझदारीका आधारमा भवन निर्माण सम्पन्न गर्ने दायित्व सम्बन्धित लाभग्राहीमा निहित रहनेछ।

प्रमुख सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

९. **आवास निर्माणका लागि रकम भुक्तानीः** (१) यस कार्यविधि अनुसार आवास निर्माणका लागि कार्यालयले सम्बन्धित लाभग्राहीको खातामा अनुसूची-४ बमोजिमको अधिकतम बजेट सीमा र समझदारीको आधारमा रकम भुक्तानी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम भुक्तानी गर्दा कार्यालयले आवास निर्माणका प्रकृति र अवस्थाका आधारमा समझदारी पत्रमा उल्लिखित कुल रकमको प्रतिशत निर्धारण गरी चार किस्तामा देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ;-

(क) समझदारीपत्र सम्पन्न भएपछि कुल रकमको दश (१०) प्रतिशत - प्रथम किस्ता,

(ख) आवास निर्माणको प्लिन्थ लेवल सम्पन्न भएको लाभग्राहीले जानकारी गराएपछि कुल रकमको बीस (२०) प्रतिशत - दोस्रो किस्ता,

(ग) आवास निर्माणको लिंटेल लेवल सम्पन्न भएको लाभग्राहीले जानकारी गराएपछि कुल रकमको पचास (५०) प्रतिशत - तेस्रो किस्ता,

(घ) आवास निर्माणको छाना, झ्याल, ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएको लाभग्राहीले जानकारी गराएपछि कुल रकमको बीस (२०) प्रतिशत - चौथो किस्ता।

(३) यस दफा बमोजिम सम्बन्धित लाभग्राहीले समझदारीपत्र पालना गरेको अवस्थामा मात्र कामको अनुपात र निजले पेश गरेको बील भौचर वा खर्चको विवरणका आधारमा निजको बैंक खातामा किस्ताका रुपमा मात्र कार्यालयले भुक्तानी गर्नेछ।

तर, समझदारीपत्रको पालना नगरेको अवस्थामा वा काम बीचमा रोकेमा निजले पाउने भुक्तानी कार्यालयले रोक्का गर्नुपर्नेछ र सोको जानकारी सम्बन्धित प्रदेश सभा सदस्य र मन्त्रालयलाई दिनु पर्नेछ।

१०. **लागत सहभागिता योगदान र व्यवस्थापनः** (१) लाभग्राहीले कुल अनुदानको दश प्रतिशत लागत सहभागिता वापत व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता श्रमदान वा नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको लागत सहभागिता लाभग्राहीले नव्यहोरेमा कम्तीमा एउटा सुलभ शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको शौचालय निर्माणका लागि कार्यालयबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ।



मिलन आचार्य
प्रदेश सचिव

११. **निर्माण सम्पन्न भएको मानिने:** समझदारी बमोजिमको आवास निर्माण भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

१२. **आवास हस्तान्तरण:** (१) यस कार्यविधि अनुसार लाभग्राहीलाई आवास निर्माणका लागि कार्यालयले जाँचपास तथा भुक्तानी समेत गरिसकेपछि सम्बन्धित प्रदेश सभा सदस्य वा कार्यालय प्रमुख वा अन्य कुनै पदाधिकारीबाट कार्यक्रम अन्तर्गत आवास हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको आवास हस्तान्तरण भएपछि यस कार्यविधि अनुसार सम्पन्न समझदारी अन्यथा व्यवस्था भएमा बाहेक स्वतः खारेज हुनेछ।

(३) आवास हस्तान्तरण भएपछि सम्बन्धित लाभग्राहीले त्यस्तो आवासको मर्मत सम्भार र संरक्षण गर्नु पर्नेछ।

(४) हस्तान्तरण भएको आवास पाँच (५) वर्षसम्म बेचबिखन वा कुनै कारणले भत्काउन वा नष्ट गर्न पाइनेछैन।

तर, सो अवधिमा कुनै प्राकृतिक प्रकोप, आगलागी आदिबाट आवासको क्षति वा नष्ट भएमा कार्यालयलाई जानकारी गराई भत्काउन वा नष्ट गर्न पाइनेछ।

१३. **अनुगमन सम्बन्धी व्यवस्था:** यस कार्यविधि तथा समझदारीका व्यवस्था पालना गरिएको वा नगरिएको सम्बन्धमा कार्यक्रमको अनुगमनको व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमनको कार्य सम्बन्धित कार्यालयबाट हुने र यसरी अनुगमन गर्दा समझदारीका व्यवस्था पालना नगरिएमा त्यसको पालना गर्न निर्देशन दिई सोही व्यहोराको जानकारी सम्बन्धित प्रदेश सभा सदस्यलाई कार्यालयले दिनु पर्ने,

(ख) सञ्चालित कार्यक्रमहरुको अनुगमनको कार्य मन्त्रालय र पूर्वाधार विकास निर्देशनालयले गर्न सक्ने,

(ग) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रस्थित सञ्चालित कार्यक्रमहरुको अनुगमनको कार्य छनौट समिति र सम्बन्धित प्रदेश सभा सदस्यले गर्न सक्ने।

१४. **निर्देशन पालना गर्नुपर्ने:** मन्त्रालयले कार्यक्रमको कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित कार्यालयले पालना गर्नुपर्नेछ।

१५. **कारबाही हुने:** कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेस गरेमा वा त्यस्तो व्यहोरा ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१६. **अनुसूचीमा थपघट तथा हेरफेर:** मन्त्रालयले अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।



कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय विराटनगर, नेपाल

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव

१७. __असुल उपर गरिनेः__ आवास निर्माण गर्ने रकम लिएपछि समझदारीबमोजिम कार्य सम्पन्न नगरेमा उक्त रकम प्रचलित कानूनबमोजिम असुल उपर गरिनेछ।

१८. __आवश्यक व्यवस्था मिलाउनेः__ यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा मन्त्रालयले त्यस्तो समस्या समाधान गर्न सक्नेछ।

१९. __खारेजि तथा बचाउः__ (१) "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" खारेज गरिएको छ।

(२) "जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय विराटनगर, नेपाल

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव

भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**आवासविहीन विपन्नले भर्ने निवेदन**

मितिः-.....................

श्री पूर्वाधार विकास कार्यालय,

.............................।

**विषयः- जनता आवास माग गरिएको बारेमा।**

**निवेदकको विवरण**

१. निवेदकको नामः-

२. ठेगानाः-

३. उमेरः-

४. लिङ्गः-

५. आवास निर्माण हुने जग्गाको क्षेत्रफल (प्रतिव्यक्ति वर्गफिटमा):-

६. ना.प्र.नं:-

७. परिवारको संख्या (नामावली सहित):-

८. अन्य

**संलग्न प्रमाण कागजातहरु**

१. विगतदेखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण वा स्थानीय तहको सिफारिस

२. विपन्न रहेको भनी सम्बन्धित वडाको सिफारिस।

३. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात

४. अन्य

मिलन आचार्य
प्रदेश सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

## स्वघोषणा

१. एकासगोलमा रहेका परिवारका अन्य सदस्यहरुले कुनै पनि आवास माग नगरेको र पहिले सुविधा नलिएको।

२. नेपालमा आवासका लागि भवन नभएको।

३. आवासको लागि आफ्नै जग्गा रहेको वा जग्गा विहिन परिवारलाई स्थानीय तह वा अन्य कुनै निकाय वा व्यक्ति वा कसैबाट जग्गा प्राप्त भएको।

४. आवासको लागि रहेको जग्गा विवादित नरहेको।

५. संघ, प्रदेश वा स्थानीय तहबाट यस्तै प्रकारको सुविधा प्राप्त गरेकोमा दोहोरो आवास सुविधा नपाउने

## स्वघोषणा चेकलिष्ट

| क्र. सं | विवरण | अवस्था | चिन्ह (✓) लगाउने |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल (प्रतिव्यक्ति वर्गफिटमा) (घर भएमा) | ३० वा सो भन्दा कम | |
| | | ३१ देखि ६० सम्म | |
| | | ६० भन्दा बढी | |
| २ | आवास निर्माण हुने जग्गा बाहेक हाल उपभोगमा रहेको जग्गा (प्रतिव्यक्ति वर्गफिटमा) | अन्यत्र जग्गा नभएको | |
| | | अन्यत्र जग्गा भएको | |
| ३ | घरभित्रको भुई | माटो | |
| | | ईंटा,ढुङ्गा आदि | |
| | | सिमेन्ट | |
| ४ | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी | |
| | | नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी | |



मिलन आचार्य
प्रदेश सचिव

| | | | |
|---|---|---|---|
| | | मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टका जोर्नी | |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि | |
| | | खपडा, टायल, टिन | |
| | | ढलान, कर्कट पाता | |
| ६ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँब्लक (स्वामीत्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित) | |
| | | नदी/ताल किनारामा बसोबास गरेको | |
| ७ | आय स्तर | १२ महिना खान पुग्ने | |
| | | ६-११ महिना खान पुग्ने | |
| | | ६ महिना भन्दा कम | |
| ८ | रोजगारीको अवस्था | स्थायी | |
| | | करार | |
| | | मौसमी कृषि/औद्योगिक मजदुर | |
| ९ | घरमूलीको हकमा | अपाङ्गता भएका व्यक्ति | |
| | | असक्त | |
| | | बृद्ध | |
| | | एकल महिला / पुरुष | |
| | | अनाथ बालबालिका | |

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

.........................

हस्ताक्षर

निवेदकको नाम

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव


## अनुसूची-२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

क. हिमाली र पहाडि जिल्लाको हकमा

OPENING SCHEDULE

| | DIMENSION | No. |
|---|---|---|
| WINDOW(W1) | 4'-0"X5'-0" | 2 |
| WINDOW(W2) | 3'-0"X5'-0" | 1 |
| DOOR(D) | 3'-0"X7'-0" | 3 |
| DOOR(D1) | 2'-6"X7'-0" | 1 |





Ground floor plan(Hilly Region)


Plinth area : 454.10 Sqft

मिलन आचार्य
प्रदेश सचिव


कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल





SOUTH
ELEVATION
FRONT VIEW




NORTH
ELEVATION
BACK VIEW





EAST ELEVATION
RIGHT SIDE
VIEW




WEST
ELEVATION
LEFT SIDE VIEW

मिलन आचार्य
प्रदेश सचिव

प्रमुख सचिव





ROOF PLAN

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल





# Sectional Elevation

## Section at A-A

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव




# Foundation Section

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव


ख. तराई जिल्लाको हकमा

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव


OPENING SCHEDULE

| | DIMENSION | No. |
|---|---|---|
| WINDOW(W) | 5'-0"X5'-0" | 2 |
| WINDOW(W1) | 3'-0"X5'-0" | 2 |
| DOOR(D) | 3'-0"X7'-0" | 3 |
| DOOR(D1) | 2'-6"X7'-0" | 1 |





Ground floor plan(Terai Region)
Plinth area : 443.556 Sqft


कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल





SOUTH
ELEVATION
FRONT VIEW




NORTH
ELEVATION
BACK VIEW




EAST ELEVATION
RIGHT SIDE
VIEW





WEST
ELEVATION
LEFT SIDE VIEW

मिलन आचार्य
प्रदेश सचिव

प्रमुख सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल





ROOF PLAN

मिलन आचार्य
प्रदेश सचिव

प्रमुख सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल





# Sectional Elevation

## Section at A-A

मिलन आचार्य
प्रदेश सचिव

प्रमुख सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल




# Foundation Section

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
विराटनगर, नेपाल

प्रमुख सचिव

# अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्वन्धित)

## <u>पूर्वाधार विकास कार्यालय र लाभग्राहीबीच गरिने समझदारीको ढाँचा</u>

(कार्यालयले समझदारीको समयमा आवश्यकता अनुसार थप शर्तहरु निर्धारण गर्न सक्नेछ।)

१. **समझदारी गर्ने पक्षहरु** : (क) ...................................... र

(ख) ......................................

२. **कार्यक्रम स्थल** :-

(क) जिल्ला :- ......................................

(ख) गाउँपालिका/नगरपालिका :- ......................................

(ग) वडा नं :- ......................................

३. **उद्देश्य** : आवास निर्माण

४. **कुल लागत** :........................... (लाभग्राहीको सहभागिता बापतको अंश समेत।

५. **प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि** :

(क) शुरु हुने मिति :- ............/......../.....

(ख) पुरा हुने मिति :- ............/......../.....

६. **खर्च व्यहोर्ने श्रोत:**

(क) कार्यक्रमबाट व्यहोरिने:

(१) नगद रुपैया: .................. /-

(२) निर्माण सामग्री:

(ख) लाभग्राहीबाट व्यहोरिने रकम:

(१) नगद रुपैया: ...............................

(२) निर्माण सामग्री (मूल्यमा): ............

(३) श्रम (मूल्यमा): .........................

(४) कुल रकम: ...........................

७. **भुक्तानीको ढाँचा:**

(क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा चार किस्तामा उपलब्ध गराइने छ । आवास निर्माण सम्पन्न नभएसम्म सम्बन्धित कार्यालयले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ ।

(ख) पूर्वाधार विकास कार्यालय र लाभग्राहीबीच समझदारी भएपश्चात् लाभग्राहीलाई कुल रकमको १०% रकम उपलब्ध गराईनेछ ।



मिलन आचार्य
प्रदेश सचिव

(ख) स्वीकृत डिजाइन, लागत ईष्टिमेटमा निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम प्लिन्थ लेवलसम्म निर्माण भएपछि कुल रकमको थप २०% रकम उपलब्ध गराईनेछ ।

(ग) लिंटेल लेवल सम्पन्न भएपछि कुल रकमको थप ५० % रकम उपलब्ध गराईनेछ ।

(घ) छाना, झ्याल, ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि कुल रकमको बाँकी २०% रकम लाभग्राहीको खातामा उपलब्ध गराईने छ ।

(ङ) भुक्तानी दिंदा उपलब्ध गराईएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

**८. पालना गर्नुपर्ने निर्माण कार्यका शर्तहरु :**

(क) स्वीकृत डिजाइन अनुसारको निर्माण गर्नु पर्नेछ।

(ख) निर्माण स्थलको तयारी लाभग्राहीले गर्नुपर्नेछ।

(ग) लाभग्राहीले श्रमदान वा नगद वा निर्माण सामग्री प्रदान गरी कुल अनुदानको दश प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्नेछ। लाभग्राहीले लागत सहभागिता नव्यहोरेमा कम्तीमा एउटा सुलभ शौचालय अनिवार्य रुपमा निर्माण गर्नु पर्नेछ ।

(घ) आवास निर्माण गर्ने रकम लिएपछि समझदारीबमोजिम कार्य सम्पन्न नगरेमा उक्त रकम प्रचलित कानूनबमोजिम असुल उपर गरिनेछ।

(ङ) लाभग्राहीले समझदारी गर्नु अघि अन्य सरकारी तथा गैर सरकारी निकायबाट यस प्रकारको सुविधा लिई दोहोरो सुविधा लिएको पाइएमा प्रदान गरिएको रकम दश प्रतिशत ब्याज सहित असुलउपर गरिनेछ।

**९. समझदारीका पक्षहरु :**

<u>कार्यालयको तर्फबाट</u>
कार्यक्रम प्रतिनिधिः
ठेगानाः
दस्तखत र छापः

मितिः
साक्षीः
(१) श्री ......................................

<u>लाभग्राहीको तर्फबाट</u>
लाभग्राहीको नामः
ठेगानाः
दस्तखतः

मितिः
साक्षीः
(१) श्री ......................................

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव

अनुसूची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>भौगोलिक क्षेत्रको आधारमा बजेट निर्धारण</u>**

| वर्गिकरण | जिल्ला | बजेट (कन्टिन्जेन्सी सहित) |
|---|---|---|
| "क" वर्ग | १. झापा<br>२. मोरङ<br>३. सुनसरी | ५ लाख |
| "ख" वर्ग | १. इलाम<br>२. धनकुटा<br>३. उदयपुर | ५ लाख ५० हजार |
| "ग" वर्ग | १. ताप्लेजुङ<br>२. संखुवासभा<br>३. सोलुखुम्बु<br>४. पाँचथर<br>५. भोजपुर<br>६. तेह्रथुम<br>७. ओखलढुङ्गा<br>८. खोटाङ | ६ लाख |

प्रमुख सचिव

मिलन आचार्य
प्रदेश सचिव